नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८ मिति : २०७७।७।२७

चलानी नं. : ८३९

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सबै)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को मिति २०७७।७।२१ च.नं. ८८२३ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला लगायतका विभिन्न स्थानीय तहहरुले कार्यालयको स्वीकृत दरबन्दी विपरित स्वकीय सचिव नामक कानून विपरित को दरबन्दी कायम गरी आफन्तलाई पोस्ने काम गरिरहेको भन्ने समेत आशयको उजुरी उपर आयोगवाट प्रारम्भिक अनुसन्धान हुँदा कतिपय स्थानीय तहहरुले यसरी कानून विपरित स्वीकृत दरबन्दी बेगर कर्मचारी भर्ना गरिरहेको पाइएकोले यसबाट राज्यको सार्वजनिक खर्चमा मितव्ययिता हुन नसकेको देखिएको हुँदा स्वीकृत दरबन्दी भित्रकै कर्मचारीबाट उक्त कार्य सम्पादन गरी सम्पूर्ण स्थानीय तहहरुमा मितव्ययिता तथा एकरुपता कायम गर्ने तर्फ आवश्यक कारवाही हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (ग) अनुसार आयोगको मिति २०७७।७।३ को निर्णय वमोजिम सुझाव प्राप्त हुन आएकोले सम्मानित आयोगको उक्त निर्णय कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौडयाल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
अनुसन्धान महाशाखा नं. ४ ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
कार्यार्थ गर्नु हुन ।
०७७।०७।२८

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईटः** www.mofaga.gov.np
"स्वच्छ, मितव्ययी प्रशासनः विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

अनुसन्धान महाशाखा नं.४

पत्र संख्या :- ४ स्थानीय ।०७७।०७८

चलानी नं. :- ८८२३

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. १०५२
मिति: ८।२६

मिति:-२०७७।०७।२१

अत्यन्त जरुरी/गोप्य

विषयः सुझाव पठाइएको सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

सु.प. प्रदेशको कैलाली जिल्ला लगायतका विभिन्न स्थानीय निकायहरुले कार्यालयको स्वीकृत दरबन्दी विपरित स्वकीय सचिव नामक कानुन विपरित को दरबन्दी कायम गरी आफन्तलाई पोस्ने काम गरिरहेको भन्ने समेत आशयको उजुरी उपर प्रारम्भिक अनुसन्धान हुँदा कतिपय स्थानीय निकायहरुले यसरी कानून विपरित स्वीकृत दरबन्दी बेगर कर्मचारी भर्ना गरिरहेको पाइएकोले यसबाट राज्यको सार्वजनिक खर्चमा मितव्ययिता हुन नसकेको देखिएको हुँदा स्वीकृत दरबन्दी भित्रकै कर्मचारीबाट उक्त कार्य संम्पादन गरी सम्पूर्ण स्थानीय तहहरुमा मितव्ययिता तथा एकरुपता कायम गर्ने तर्फ आवश्यक कारवाही हुन ताहा मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ (१)(ग) अनुसार सुझाव लेखी पठाउने भनि मिति २०७७/०७/०३ मा आयोगबाट निर्णय भएको हुँदा सो बमोजिम गर्ने गराउने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ।

सूचना तथा प्रविधि शाखा
दर्ता नं. ९८३
मिति ०७७।८।२६

०७७।७।२१
(लिलाधर अवस्थी)
शाखा अधिकृत

श्री सूचना शा।।९।

शा. अ. श्री ईश्वरनिधि पौड्यालज्यू
०७७।८।२६